☎०७८-४१०१२७
४१०१२८

# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

प.सं. ०८०/८१
च.नं. ०१

मिति: २०८०/०८/०८

श्री सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु सबै

मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पूर्व)

**विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा मध्यविन्दु नगरपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तपसिलका मिति, समय र स्थानमा संञ्चालन हुने भएकाले मध्यविन्दु नगरपालिका भित्रका सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुले आ-आफ्ना विद्यार्थीहरुलाई अनिवार्य सहभागी गराई दिनुहुन अनुरोध छ ।

**तपसिल**

उद्‌घाटन मिति : २०८०/०८/१९ विहान ११ वजे

खेल संचालन मिति : २०८० मंसिर १९ गते देखि २२ गते सम्म (विहान १० बजे)

स्थान : नवजागरण मा.वि. चोरमारा रंगशाला

**प्रतियोगिताका नियम, जानकारी तथा निर्देशनहरु**

१. खेल राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता संचालन निर्देशिका अनुसार खेलाइनेछ ।

२. सहभागी छात्र, छात्रा शैक्षिक सत्र २०८० को नियमित विद्यार्थी हुनुपर्नेछ । (कक्षा १२ सम्मको १८ वर्ष ननाघेको)

३. प्रतियोगितामा सहभागी हुने विद्यार्थीले अनिवार्य फारम भरी मिति २०८० मंसिर १७ गते सम्म नगर खेलकुद विकास समितिमा बुझाउनु पर्ने छ । (फारम यसै साथ संलग्न छ)

४. नगरभित्रका मा.वि. (सामुदायिक तथा संस्थागत) विद्यालयहरुले प्रतियोगितमा सहभागि हुन कुनै इन्ट्री शुल्क बुझाउनु पर्ने छैन ।

५. सहभागी विद्यालयले अनिवार्य रुपमा विद्यालयको र राष्ट्रिय झण्डा ल्याउनु पर्नेछ ।

६. खेलाडीहरुको पोशाक अनिवार्य छ र पोशालकमा लेखिने अंक ठुलो आकारमा लेखिएको हुनुपर्नेछ ।

७. खेल संचालनमा कुनै विवाद आएमा जुरी/जजको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

८. उद्‌घाटन सत्रमा सबै विद्यालयहरु झण्डा सहित मार्च पासमा सहभागी हुनुपर्नेछ । साथै मार्च पासको मुल्यांकन समेत गरीनेछ ।

**वोधार्थ**

श्री जिल्ला खेलकुद विकास समिति, नवलपरासी(व.स.पुर्व): आवश्यक सहयोगका लागी ।

...............................
सदस्य सचिव
हिमाल सिंह ठकुरी
नगर खेलकुद विकास समिति

Website: madhyabindumun.gov.np, इमेल: madhyabindumunicipality@gmail.com

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) संग सम्बन्धित)

# मध्यविन्दु नगरपालिका खेलकुद विकास समिति

मध्यविन्दु नगरपालिका स्तरिय

## राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता-२०८०

(फारम)

फोटो

## प्रतियोगितामा सहभागि हुन भर्नु पर्ने फारम

१. सहभागि विद्यार्थीको नाम :

२. विद्यालयको नाम/ठेगाना :

३. अध्यनरत कक्षा :

४. जन्म मिति :

५. सहभागि हुने खेल :

६. सहभागि हुने विद्यार्थीको हस्ताक्षर :

७. सहभागि विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र अनिवार्य यसै फारम साथ संलग्न गर्नुपर्नेछ ।

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने प्र.अ./स.प्र.अ./खेल शिक्षक :

नाम/थर :

हस्ताक्षर :

सम्पर्क नं. :

विद्यालयको छाप :

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाईने खेलहरु:

**१. भलिवल** : छात्र, छात्रा(१/१ टिम) १ टिममा १० जना खेलाडीको नाम दर्ता गर्नुपर्नेछ।

**२. कवड्डी** : छात्र, छात्रा(१/१ टिम) १ टिममा १० जना खेलाडीको नाम दर्ता गर्नुपर्नेछ।

**३. एथलेटिक्स** : दौड(ट्र्याक) तर्फ-

**छात्र/छात्रा :**

३.१. एकलतर्फ : १०० मि/२००मि/४००मि/८००मि/१५००मि/३०००मि,

३.२. समुह तर्फ : रिले : ४-१००मि/, ४-४००मि (दुबै रिलेमा ६/६ जनाको नाम दर्ता गर्नुपर्नेछ।

३.३. उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ :

**छात्र/छात्रा :**

हाईजम्प, लङजम्प, त्रिपल जम्प, ज्याबलिङ थ्रो, शटपुट

**४. मार्शल आर्ट**

**४.१. कराते :**

छात्र : U-४२ केजी, U-४७ केजी, U-५२ केजी U-५७ केजी, U-६२ केजी, काता एकल

छात्रा : U-४० केजी, U-४५ केजी, U-५० केजी U-५५ केजी, U-६० केजी, काता एकल

**४.२. तेक्वान्दो :**

छात्र : U-४५ केजी, U-४८ केजी, U-५१ केजी U-५५ केजी, U-५९ केजी, एकल पुङ्चे

छात्रा : U-४२ केजी, U-४४ केजी, U-४६ केजी U-४९ केजी, U-५२ केजी, एकल पुङ्चे

५. उसु

थाओलु तर्फ छात्र/छात्रा : Chang Quan, Nan Quan, and Taiji Quan

सान्सौ तर्फ छात्र/छात्रा : ४२ के.जी., ४५ के.जी. र ४८ के.जी.

सदस्य सचिव

हिमाल सिंह ठकुरी

नगर खेलकुद विकास समिति